# गण्डकी प्रदेश सभा
## आठौँ अधिवेशन
## बैठक संख्या -१८
## सूचनापत्र - २
## (बैठकको कारवाहीको संक्षिप्त विवरण)

<u>मिति २०८२ साल असार ११ गते, बुधवार</u>

गण्डकी प्रदेश सभाको आजको बैठक **माननीय सभामुख कृष्ण प्रसाद धितालको** अध्यक्षतामा विहानको **११:३४** बजे प्रारम्भ भयो।

तत्पश्चात माननीय सभामुखले **प्रदेश सभाका माननीय सदस्यहरुले बैठकमा र छलफलमा भाग लिदाँ माननीय सदस्यले पालना गर्नुपर्ने नियमहरु पालना गर्नुहुन** माननीय सदस्यहरुलाई सचेत गराउँनुभयो।

तत्पश्चात मिति २०८२ साल असार १० गतेको सभाको बैठकमा विनियोजन विधेयक, २०८२ को मन्त्रालयगत शीर्षकहरु माथिको छलफलमा भाग लिने क्रममा **माननीय सदस्य विन्दु पौडेलले प्रयोग गर्नु भएका "अन्धोपन अन्धो त भएको थिइन" भन्ने शब्दहरु सभाको रेकर्डबाट हटाउन माननीय सदस्य सुनिता थापाले सभामुखको ध्यानाकर्षण गराउनुभएकोमा माननीय सदस्य विन्दु पौडेलले प्रयोग गर्नुभएको उक्त शब्दहरु हाल अपाङ्गताको क्षेत्रमा** प्रयोग नहुने हुँदा रेकर्डबाट हटाउन सचिवालयलाई निर्देशन दिनुभयो ।

तत्पश्चात शुन्य समय प्रारम्भ भयो। शुन्य समयमा **माननीय कुशुम बुढा पुन, माननीय टिका कुमारी बस्याल, माननीय डिल्लीराम सुवेदी, माननीय रेखा गुरुङ् र माननीय श्यामराजा महतले समसामयिक** विषयमा आ-आफ्नो भनाई राख्नुभयो।

तत्पश्चात माननीय आर्थिक मामिला मन्त्री डा. टकराज गुरुङले सभा समक्ष प्रस्तुत गर्नुभएको **"आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२" का विभिन्न मन्त्रालयगत शीर्षकहरु माथिको** बाँकी छलफल प्रारम्भ भयो ।

तत्पश्चात **माननीय सभामुखले आजको छलफलमा विधेयकको उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय र सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय** माथि छलफल हुने व्यहोरा सभालाई जानकारी गराउँनुभयो ।

तत्पश्चात छलफल प्रारम्भ भयो, **छलफलमा माननीय सरस्वती अर्याल तिवारी, माननीय बेद बहादुर गुरुङ, माननीय सुशिला सिंखडा, माननीय विन्दु पौडेल, माननीय टिका कुमारी बस्याल, माननीय राजकुमारी भुजेल, माननीय दमयन्ती रुचाल, माननीय सरस्वती गुरुङ्, माननीय यशोदा रिमाल, माननीय नम्डु गुरुङ्, माननीय दिलमाया पौ.वि., माननीय सुनिता थापा र माननीय चम्पादेवी खड्काले** भाग लिनुभयो ।

**तत्पश्चात माननीय सभामुखले आगामि बैठक २०८२ साल असार १२ गते विहान ११ बजे** बस्नेगरी **दिनको २:१८** बजे स्थगित गर्नुभयो।

....................

(हरिराज पोखरेल)

प्रदेश सभा सचिव